सुनापती गाउँकार्यपालिकाको बैठक संख्याः १९

आ व : २०७९/८०

मितिः २०८० असार ३१ गते आइतबार

समयः ८:५० विहान

स्थानः सुनापति गाँउपालिका

आज मिति २०८० असार ३१ गते आइतबारका दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुला कान्छा तामाङ्ग ज्यूको अध्यक्षतामा यस सुनापति गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

१. श्री ठुलो कान्छा तामाङ्ग - अध्यक्ष

२. श्री गिता विष्ठ उपाध्यक्ष

३. श्री ध्रुब प्रसाद चौलागाइ सदस्य

४. श्री पदम बहादुर थापा सदस्य

५. श्री कुल बहादुर थिङ सदस्य

६. श्री डुन्डप लामा सदस्य

७. श्री चित्र बहादुर मानन्धर सदस्य

८. श्री रीता कामि धमला सदस्य

९. श्री अविना लामा सदस्य

१०. श्री सुनमाया तामाङ्ग सदस्य

११. श्री हरि माया श्रेष्ठ सदस्य

१२. श्री टासी लामा सदस्य

१३. श्री मिन कुमार खाती सदस्य

१४. श्री देवेन्द्र सुवेदी सचिव

अन्य उपस्थितिः

२०. श्री श्रीराम ढुङ्गाना – प्रशासन शाखा

२१. श्री विनोद चौलागाई - आर्थिक प्रशासन शाखा प्रमुख

२२. श्री कान्छी माया वाइवा– कार्यालय सहयोगि

२३. श्री आशिष ढुङ्गाना – कार्यालय सहयोगि

सुनापति गाउँकार्यपालिकाको बैठक आ.व.:२०७९/८० बैठक संख्या: १७ मिति २०८० असार १०

**छलफल, समिक्षा एवंम जानकारीका विषयहरु:**

क. सुनापति गाउँपालिकाले गरेको विद्यालय समायोजन सम्बन्धी निर्णय उपर उच्च अदालत पाटनले सुनापति गाउँपालिकाका नाममा दिएको उत्प्रेषण आदेशका सम्बन्धमा कार्यपालिकाले जानकारी लियो साथै आवश्यक छलफल गर्यो।

**प्रस्ताव तथा निर्णयहरु:**

प्रस्ताव न.१: करार कर्मचारीको करार सेवा अवधि सम्बन्धमा।

यस सुनापति गाउँपालिकाको आ व ०७९/८० मा यस कार्यालय सँग करार सम्झौता गरि सेवा प्रदान गरिरहेका सम्पुर्ण कर्मचारीहरुको करार सेवा अवधि कार्यालय प्रमुखको सिफारिस बमोजिम २०८० पुस मसान्त सम्मलाई करार सेवा अवधि नवीकरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०२: तलव सुविधा समायोजन सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा सुनापति गाउँपालिकामा कार्यरत सवारी चालक कर्मचारीहरुको तलव सुविधा निजहरुको कार्य प्रकृतिको सूरु तलबमान सँग बराबर हुने गरि समायोजन गर्ने निर्णय गरियो। साथै कार्यालय सहयोगि कान्छिमाया वाइवा र आशिष ढुङ्गानाको मासिक तलब रु २० हजार कायम गर्ने निर्णय गरियो। वडा कार्यालयहरुमा कार्यालय सहायकको समेत(कम्प्युटर सम्बन्धी) काम गरिरहेका कार्यालय सहयोगिहरुको मासिक तलब भत्तामा प्रोत्साहन स्वरुप थप १५ सय रुपैया प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०३: कर्मचारीहरुको पदस्थापन सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा सुनापति गाउँपालिकामा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको जिम्मेवारी निम्नानुसार तोक्ने निर्णय गरियो।

| सि नं | कर्मचारीको नाम | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | टंक राज वस्नेत, कृषि सेवा शाखा | वडा सचिव, वडा नं ०१ | |
| २ | भगवति श्रेष्ठ, अनमी | वडा सचिव, वडा नं ०२ | |
| ३ | कृष्ण बहादुर कटुवाल,आलेप | राजश्व शाखा प्रमुख, वडा सचिव, वडा नं ०३ | |
| ४ | लक्ष्मि थापा मगर, MIS अपरेटर | कार्यालय सहायक, वडा नं ०३ | |
| ५ | क्षितिज ज्ञवालि, पशु सेवा शाखा | वडा सचिव, वडा नं ०५ | |
| ६ | रंजिता तामाङ्ग | प्रशासन शाखा | |
| ७ | श्री राम ढुङ्गाना | राजश्व शाखा | |